# औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि

प्रस्तावना: स्थानीय स्रोत साधन, कच्चापदार्थ, प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी यस्ता उद्योगको स्थापना, विकास र प्रवर्द्धन गर्दै रोजगारी सिर्जनाको माध्यमबाट स्थानीय अर्थतन्त्रमा योगदान पुर्याउन छरिएर रहेका साना उद्योगहरुलाई एकिकृत गरी व्यवस्थित गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि औद्योगिक ग्रामहरु स्थापना र सञ्चालन गर्न वान्छनिय भएकोले,

नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकारवाट स्विकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "औद्योगिक ग्राम" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून वमोजिम उद्योग स्थापनाको लागि आवश्यक न्यूनतम सामान्य सुविधा तथा पूर्वाधार उपलव्ध नेपाल सरकारबाट घोषणा भएको क्षेत्र सम्झनु पर्छ ।

(ख) "लघु उद्यम" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ ।

(ग) "घरेलु उद्योग" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापितखउद्योगलाई सम्झनु पर्छ ।

(घ) "साना उद्योग" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम म स्थापित उद्योगलाई सम्झनु पर्छ ।

(ङ) "उद्योग" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून वमोजिम दर्ता भई औद्योगिक ग्रामभित्र स्थापना तथा सञ्चालन हुने लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले गाउपालिका तथा नगरपालिका सम्झनुपर्छ ।

(छ) "कार्यालय" भन्नाले औद्योगिक ग्रामको सञ्चालन र व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी भएको स्थानीय तह मातहत रहने औद्योगिक ग्राम व्यवस्थापन ईकाइ सम्झनु पर्छ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ञ) "सामान्य सुविधा" भन्नाले औद्योगिक ग्राम भित्रका सम्पूर्ण उद्योग तथा निकायहरुले सामुहिक रुपमा प्रयोग गर्ने सभाहल,क्यान्टिन, अग्नि नियन्त्रण, आदि जस्ता सुबिधा समेत सम्झनु पर्छ ।

(झ) "पूर्वाधार सुविधा" भन्नाले औद्योगिक ग्राम स्थापना, विकास, संचालन र संरक्षण तथा सम्वर्द्धन गर्न आबश्यक सडक, पानी, बिद्युत प्रसारण लाईन आदि जस्ता सुबिधा समेत सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ ।

(ट) "प्रदेश मन्त्रालय" भन्नाले औद्योगिक ग्राम रहने सम्बन्धित प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ठ) "दुर्गम पहाडी क्षेत्र" भन्नाले प्रचलित कानुन अनुसार नेपाल सरकारले तोकेको दुर्गम पहाडी क्षेत्र सम्झनु पर्छ ।

(ड) "घना मानव वस्ती" भन्नाले एकहजार घरधुरी वा सो भन्दा वढी बस्ती भएको क्षेत्रलाई सम्झनु पर्छ ।

(ढ) "विशेष वस्तु उत्पादन क्षेत्र" भन्नाले एकै प्रकृतिको वस्तु उत्पादन गर्ने उद्योगहरु मात्र रहने गरी स्थापना भएको औद्योगिक ग्रामभित्रको क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद- २

## औद्योगिक ग्राम घोषणा तथा स्थापनाको लागि मापदण्ड

### ३. औद्योगिक ग्रामको लागि मापदण्ड निर्धारण:

(१) औद्योगिक ग्राम स्थापनाका लागि जग्गाको छनोट गर्दा सामान्यतया देहायका मापदण्ड पूरा भएको स्थान हुनुपर्ने छः-

(क) औद्योगिक ग्रामको स्थापनाको लागि जग्गाको न्यनूतम क्षेत्रफलः

(१) हिमाली तथा दुर्गम पहाडी क्षेत्रमा ३० रोपनी हुनु पर्ने,

(२) पहाडी क्षेत्रमा ४० रोपनी हुनु पर्ने,

(३) तराई क्षेत्रमा ७ विगहा हुनु पर्ने,

(ख) मानव वस्तीदेखिको दूरीः

(१) घना मानव बस्तीदेखि न्यूनतम एक किलोमिटर दूरी हुनुपर्ने,

(२) औद्योगिक ग्रामको २०० मिटरको परिधिभित्र मानव बस्ती विकास नहुने व्यवस्था गर्ने,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

(ग) अन्तर्राष्ट्रिय सीमादेखि न्यूनतम दुई किलोमिटर दूरी हुनुपर्ने
तर सीमा क्षेत्र नजिक मात्र जग्गा उपलब्ध हुने भएमा पाँच सय मिटर दूरीमा औधोगिक ग्राम स्थापना गर्न सकिनेछ।

(घ) आर्थिक तथा भौगोलिक दृष्टिकोणबाट उपयुक्त हुनुपर्ने ,

(ङ) न्यून वातावरणीय असर भएको हुनुपर्ने,

(च) आवश्यकता अनुसार नेपाल सरकारले निर्धारण गरेको अन्य मापदण्ड ।

(२) उपदफा (१) मा जुनसुकै व्यहोरा लेखिएको भएतापनि विशेष बस्तु उत्पादन सम्बन्धी औद्योगिक ग्रामको जग्गाको मापदण्ड र क्षेत्रफल स्थानिय तह आफैले निर्धारण गर्न सक्ने छ ।

(३) उपदफा (१) (क) मा जुनसुकै व्यहोरा लेखिएको भएता पनि निजी क्षेत्रका लगानीकर्ताहरुलेआफैले जग्गाको व्यवस्था गरी औद्योगिक ग्रामको स्थापना विकास सञ्चालन तथा व्यवस्थापन स्थानीय तह सँग समन्वय गरी आफै गर्न सक्नेछन् ।

४. **औद्योगिक ग्रामको निर्माण तथा विकासका लागि मापदण्डः**

औद्योगिक ग्रामको निर्माण तथा विकासका लागि देहायको मापदण्ड सामान्यतया पूरा भएको हुनुपर्नेछः-

(क) औद्योगिक ग्राम भित्रको जग्गाको उपयोग निम्नानुसार हुनेछः

| | | |
|---|---|---|
| (१) | उद्योग स्थापनाको लागि प्लट कुल जग्गाको | ६० देखि ७० प्रतिशत |
| (२) | प्रशासनिक तथा सेवा केन्द्र | २ देखि ५ प्रतिशत |
| (३) | हरियाली क्षेत्र | ७ देखि १० प्रतिशत |
| (४) | मुल सडक तथा सहायक सडक क्षेत्र | १२ देखि १५ प्रतिशत |
| (५) | खाली जग्गा बिपद व्यवस्थापनका लागि | ३ देखि ५ प्रतिशत |
| (६) | खुला मैदान तथा पार्क | २ देखि ५ प्रतिशत |
| (७) | अन्य सेवा क्षेत्र (पार्किङ्ग, लोड/अनलोड, स्वास्थ्य केन्द्र आदि) | ५ देखि १० प्रतिशत |

(ख) औद्योगिक ग्रामको सडकको मापदण्डः

(१) औद्योगिक ग्रामबाट राजमार्गसंग जोड्ने पहुंचमार्गको न्यूनतम चौडाई १० मिटर

(२) औद्योगिक ग्रामभित्रको मुख्य सडकको न्यूनतम चौडाई १० मिटरको हुनुपर्नेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

(३) औद्योगिक ग्रामभित्रको सहायक सडकको न्यूनतम चौडाई ७ मिटरको हुनुपर्नेछ ।

(४) औद्योगिक ग्रामभित्रको मुख्य सडकको कम्तिमा एक साइडमा फुटपाथ हुनुपर्नेछ ।

## ५. औद्योगिक ग्राममा उपलब्ध हुने सामान्य सेवा सुविधा र पूर्वाधार विकास:

औद्योगिक ग्रामभित्र उद्योग संचालन गर्न देहाय बमोजिमको सामान्य सेवा, सुविधा उपलब्ध भएको र पूर्वाधारको विकास भएको हुनेछः-

(क) सामान्य सेवा सुविधाः

(१) औद्योगिक ग्राम प्रशासनिक भवन

(२) बैंक तथा वित्तीय संस्था

(३) दिवा शिशु स्याहार केन्द्र

(४) अग्नि नियन्त्रणको व्यवस्था

(५) सामान प्रदर्शनी तथा बिक्रि कक्ष

(६) शौचालय तथा स्नान गृहः महिला/पुरुष

(७) पार्किङ स्थल तथा आराम स्थल

(८) क्यान्टिन

(९) प्राथमिक स्वास्थ्य केन्द्र

(ख) पूर्वाधार विकास:

(१) औद्योगिक ग्रामको प्रवेशद्वार सहितको सीमा पर्खाल वा तारबार

(२) पहुँच मार्ग र ग्रामभित्रको मुख्य तथा सहायक मार्ग

(३) ग्रामभित्रको मुख्य मार्गको साइडमा पैदलमार्ग

(४) उद्योग स्थापनाका लागि विभिन्न प्लट

(५) ११ के भि विद्युत प्रसारण लाइन, आवश्यकता अनुसार विद्युत सब स्टेसन तथा ट्रान्सफरमरको व्यवस्था,

(६) आन्तरिक विद्युत वितरण लाइन

(७) सम्भव भएसम्म बैकल्पिक उर्जाको प्रयोग

(८) गोदाम घरको व्यवस्था

(९) पानी आपूर्ति व्यवस्था

(१०) भूमिगत र सतह ढल निकासको व्यवस्था

(११) औद्योगिक फोहोर व्यवस्थापन (फोहोरमैला सङ्कलन तथा विसर्जन)

(१२) आवश्यकता अनुसार प्रदुषित पानी उपचार संयन्त्रको व्यबस्था

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(१३) संचार सुविधाको व्यबस्था- टेलिफोन, इन्टरनेट तथा कुरियर सेवा (सम्भव भएसम्म)

(१४) पहुँच मार्ग र ग्रामभित्रको मुख्य तथा सहायक मार्गको दुबै साइडमा रुख, बिरुवा

(१५) सडक बत्तिको व्यबस्था

परिच्छेद- ३

स्थान छनोट, जग्गा प्राप्ति र औद्योगिक ग्राम घोषणा

६. स्थानीय तहले भू-उपयोग योजना बमोजिम छनोट गर्ने:

स्थानीय तहले राष्ट्रिय भू-उपयोग नीति तथा भू-उपयोग सम्बन्धी संघिय कानून बमोजिम तयार गरेको भू-उपयोग योजनामा तोकिएको औद्योगिक क्षेत्रको भूभागमा औद्योगिक ग्राम स्थापनाको लागि स्थान छनोट गर्नु पर्नेछ।

तर भू-उपयोग योजना तयार नभई सकेको अवस्थामा औद्योगिक ग्राम स्थापनाको लागि सम्भाव्य जग्गा छनोट गर्न यो दफाले वाधा पु-याएको मानिने छैन ।

७. औद्योगिक ग्रामको लागि जग्गाको लगत तयार गर्ने:

स्थानीय तह र प्रदेशले देहाय अनुसार औद्योगिक ग्राम स्थापनाको लागि सम्भाव्य जग्गाको लगत तयार गर्न सक्नेछः-

(१) स्थानीय तह अन्तर्गतका सबै वडा कार्यालयहरुले भू-उपयोग योजना अनुसार आ–आफ्नो वडामा रहेका सम्भाव्य जग्गाको लगत संकलन तथा अभिलेख राख्न सक्नेछन् ।

(२) सम्बन्धित वडाले उपदफा (१) अनुसार राखिएको लगतको विवरण सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सबै वडाबाट प्राप्त लगतको आधारमा सम्वन्धित स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका भू-उपयोग योजनामा औद्योगिक क्षेत्रको लागि तोकिएको स्थानको सार्वजनिक पर्ती तथा खाली जग्गाको लगत तयार गर्न सक्नेछन्।

८. औद्योगिक ग्रामको लागि स्थान छनोट:

(१) दफा ७ अनुसार जग्गाको लगत तयार भएकोमा सो लगत मध्येबाट वा लगत तयार नभएकोमा सम्भाव्य जग्गा मध्येबाट औद्योगिक ग्राम स्थापनाको लागि

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

तोकिएको मापदण्ड पूरा हुने र न्यूनतम क्षेत्रफल पुग्ने जग्गाको उपलब्धता, कच्चापदार्थ तथा कामदारको उपलव्धता, लगानीको सम्भावना, बजारको सम्भाब्यता, आर्थिक तथा भौगोलिक अवस्था समेतलाई आधार बनाई औद्योगिक ग्राम स्थापनाको लागि जग्गा छनोट गर्नुपर्नेछ ।

तर जग्गा छनौट गर्दा सिंचाई सुविधा उपलव्ध भएको उर्वरभूमी, घना बन जंगल तथा भौगोलिक रुपमा जोखिमयुक्त स्थानलाई छनोट गर्न सकिने छैन।

(२) उपयुक्त जग्गा छनोटको लागि प्राथमिकता:

(क) स्थानीय तहमा रहेको खाली जग्गा,

(ख) नदी तथा खोलाले धार परिवर्तन गरी छोडेको जग्गा,

(ग) सामुदायिक वनले ओगटेको पर्ति जग्गा,

(घ) नेपाल सरकारको नाममा रहेको जग्गा (नेपाल सरकारको पूर्व सहमतिमा)

(ङ) निजी जग्गा खरीद गर्नुपर्ने भएमा स्थानीय तहबाट आफ्नै श्रोत साधनबाट गर्नुपर्ने छ।

(३) पूर्व सम्भाव्यता अध्ययन:

(क) जग्गा छनोट गर्नु अघि स्थानीय तहले सम्भावित जग्गाको पूर्व सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(ख) स्थानीय तहले पूर्व सम्भाव्यता अध्ययन गर्न निजी क्षेत्रको प्रतिनिधि, प्राविधिक तथा अन्य सम्बन्धित विषय विज्ञबाट गराउन सक्नेछ ।

(ग) पूर्व सम्भाव्यता अध्ययनबाट चार किल्ला समेत तोकी प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ।

(घ) पूर्व सम्भाव्यता अध्ययन गर्दा अनुसूची १ बमोजिमको परीक्षण सूची अनुसार अध्ययन गर्नु पर्नेछ ।

(४) कुनै दुई वा दुई भन्दा बढि स्थानीय तहको भौगोलिक क्षेत्रमा पर्ने औद्योगिक ग्राम:
कुनै औद्योगिक ग्राम दुई वा दुई भन्दा वढी स्थानीय तहको भौगोलिक क्षेत्रमा पर्ने रहेछ भने त्यस्तो औद्योगिक ग्राम स्थापना गर्न सम्बन्धित सबै स्थानीय तहको निर्णय सहितको सहमति हुनु पर्नेछ ।
तर कुनै एक स्थानीय तहले प्रस्ताव सम्बन्धी कार्य अगाडि बढाउन सक्ने छ ।

(५) एउटा स्थानीय तहको सीमाबाट १०० मीटर भित्र स्थापना हुने औद्योगिक ग्रामको लागि अर्को स्थानीय निकाय तहको सहमति लिनु पर्ने छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

९. <u>औद्योगिक ग्रामको घोषणा:</u>

(१) स्थानीय तहले प्रदेश मन्त्रालयमा अनुरोध गर्ने:

स्थानीय तहले सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाबाट निर्णय गराई औद्योगिक ग्राम स्थापना गर्न सहमतिपत्र तथा पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन सहित देहायका विषय समेत संलग्न गरी प्रदेश मन्त्रालयमा औद्योगिक ग्राम घोषणा गर्ने प्रकृया अगाडि बढाउन सिफारिस सहित समन्वयको लागि अनुरोध गरी पठाउनु पर्नेछः-

(क) प्रस्तावित औद्योगिक ग्रामको चारकिल्ला खुलेको नक्सा,

(ख) हालको जग्गाको स्वामित्व खुलेको प्रमाणीत कागजात,
(सम्बन्धित मालपोत र नापी कार्यालयबाट प्राप्त)

(ग) औद्योगिक ग्राममा स्थापना हुनसक्ने सम्भावित उद्योगहरु,

(घ) सम्भावित लगानी,

(ङ) सम्भावित बजार व्यवस्था,

(च) सिर्जना हुनसक्ने सम्भावित रोजगारी,

(२) सिफारिस गर्नु पर्ने:

प्रदेश मन्त्रालयले पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन समेतको आधारमा प्रस्तावित स्थानमा औद्योगिक ग्राम स्थापना गर्न उपयुक्त देखेमा औद्योगिक ग्राम स्थापना गर्न निर्णय गरी सम्बन्धित स्थानीय तहबाट प्राप्त प्रमाण कागजात समेत संलग्न गरी सिफारिस सहित मन्त्रालयमा औद्योगिक ग्राम घोषणा गर्न अनुरोध गर्नु पर्नेछ। सो को जानकारी सम्बन्धित स्थानीय तह समेतलाई दिनुपर्नेछ ।

(३) थप अध्ययन गराउन सक्ने:

औद्योगिक ग्राम घोषणाको लागि प्रदेश मन्त्रालयबाट सिफारिस सहित आवश्यक कागजात प्राप्त भएपछि मन्त्रालयले घोषणा गर्नु पूर्व थप जानकारी तथा अध्ययन गर्नुपर्ने आवश्यकता देखेमा उपयुक्तताको लागि प्रवाधिक परीक्षण लगायत आवश्यकता अनुसार स्थलगत अध्ययन समेत गराई प्रतिबेदन लिन सक्नेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(४) निर्णयको लागि प्रस्ताव पेश गर्नु पर्ने:
मन्त्रालयको प्राविधिक प्रतिवेदन, प्रदेश सरकारको सिफारिस, पूर्व सम्भाब्यता अध्ययन प्रतिवेदन तथा प्राप्त कागजात समेतको आधारमा प्रस्तावित स्थानमा औद्योगिक ग्राम स्थापना गर्न उपयुक्त देखेमा मन्त्रालयले औद्योगिक ग्राम घोषणा गर्न नेपाल सरकारको निर्णयको लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(५) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट औद्योगिक ग्राम घोषणा हुनेछ।

(६) औद्योगिक ग्राम घोषणा सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरिनेछ ।

(७) औद्योगिक ग्राम स्थापना गर्ने सिलसिलामा निजी जग्गा प्राप्त गर्नु पर्ने भएमा जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम जग्गा प्राप्त गर्न सकिनेछ ।

१०. <u>औद्योगिक ग्रामको जग्गाको प्रयोग, व्यवस्थापन र संरक्षण:</u>

(१) घोषणा भएको औद्योगिक ग्रामको जग्गा जमिन, भवन लगायतको सम्पूर्ण सम्पत्तिको प्रयोग, व्यवस्थापन र संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) औद्योगिक ग्रामभित्रको जग्गाको उपयोग उद्योग स्थापना, सञ्चालन र विकासको लागि मात्र गर्नुपर्नेछ ।

## परिच्छेद- ४
## औद्योगिक ग्रामको स्थापना र विकास निर्माण

११. <u>औद्योगिक ग्रामको स्थापना र विकासका लागि समझदारी कायम गर्न सकिने:</u>

(१) औद्योगिक ग्राम घोषणा भईसके पछि सो क्षेत्रमा गर्नुपर्ने योजना, पूर्वाधार निर्माण, लगानी, प्राविधिक सहयोग, जनशक्ति विकास तथा औद्योगिक ग्रामको संचालन व्यवस्थापनमा सहयोग र सहकार्य गर्न आवश्यक देखिएमा विभिन्न सरकारी तथा नीजि क्षेत्रका निकाय वीच समन्वय र सहमतिमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम देहायको बिषयमा देहायका निकायहरु वीच समन्वय र सहमतिमा कार्यक्रम कार्यन्वयन गर्न सकिने छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| (क) | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | पूर्वाधार विकासका लागि नीतिगत व्यवस्था, बजेट तथा प्राविधिक सहयोग, समन्वय तथा अन्य आवश्यक कार्य |
| (ख) | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | औद्योगिक ग्रामको योजना तयार सम्बन्धी कार्य,( मोडल सहित), ग्रामको वरिपरि वस्ती विकास योजना |
| (ग) | वन तथा वातावरण मन्त्रालय | वातावरण र वन सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण |
| (घ) | प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | पूर्वाधार विकासका लागि नीतिगत व्यवस्था, बजेट तथा अन्य आवश्यक समन्वय तथा सहजीकरण |
| (ङ) | प्राविधिक तथा व्यवसायिक तालिम परिषद | औद्योगिक ग्राममा आवश्यक दक्ष जनशक्ति उत्पादन सम्बन्धी कार्य, (उपलव्ध भएसम्म) |
| (च) | औद्योगिक क्षेत्र ब्यवस्थापन लिमिटेड | प्राविधिक तथा अन्य सहयोग (उपलव्ध भएसम्म) |
| (छ) | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | उद्यमशीलता सम्बन्धी तालिम कार्यक्रमको माध्यमबाट उद्यमी सृजना सम्बन्धी कार्य, (उपलव्ध भएसम्म) |
| (झ) | स्थानीय तह | औद्योगिक ग्रामको विकास निर्माण, संचालन, व्यवस्थापन साथै प्रवर्द्धन कार्य । |
| (ञ) | निजी क्षेत्र | लगानीका लागि सहभागिता, समन्वय र सहकार्य। |

१२. औद्योगिक ग्रामको स्थापना, संचालन, व्यवस्थापन र विकासमा मन्त्रालय, प्रदेश मन्त्रालय तथा स्थानीय तहको भूमिका तथा जिम्मेवारी

(१) औद्योगिक ग्रामको स्थापना, संचालन, व्यबस्थापन र विकासमा मन्त्रालय, प्रदेश मन्त्रालय तथा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयको भूमिका तथा जिम्मेवारी

औद्योगिक ग्रामको घोषणा पूर्व थप जानकारी तथा अध्ययन गर्नुपर्ने आवश्यकता देखेमा प्राविधिक परीक्षण लगायतको जानकारी तथा अध्ययन गराउने, औद्योगिक ग्रामको घोषणा गर्ने, वित्तीय तथा प्राबिधिक सहयोग उपलब्ध गराउने, अनुगमन, मूल्याङ्कन, समन्वय तथा नियमन सम्बन्धी कार्यहरु गर्ने ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

(ख) प्रदेश मन्त्रालयको भूमिका तथा जिम्मेवारी:
स्थानीय तहबाट सिफारिश सहित पेश भएकोमा औद्योगिक ग्रामको घोषणाका लागि मन्त्रालयमा सिफारिश गर्ने, सार्वजनिक पूर्वाधार निर्माणमा पूर्ण वा आंशिक सहयोग, वित्तीय तथा प्राविधिक सहयोग, अनुगमन तथा समन्वय सम्वन्धी कार्यहरु गर्ने र प्रदेश मन्त्रालयले आफ्नो स्रोतबाट औद्योगिक ग्रामको संचालन तथा व्यवस्थापन गर्ने गरी ग्रामको घोषणाको लागि सिफारिश गर्ने ।

(ग) स्थानीय तहको भूमिका तथा जिम्मेवारी:
सम्भावित जग्गाको लगत राख्ने, जग्गा छनोट गर्ने, पूर्व सम्भाव्यता अध्ययन गराउने, कार्यव्यवस्थित गर्न आवश्यकता अनुसार सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउने, औद्योगिक ग्रामको पूर्वाधार निर्माण, सञ्चालन, व्यवस्थापन र नियन्त्रण, अनुगमन तथा समन्वय सम्वन्धी कार्यहरु गर्ने।

१३. <u>औद्योगिक ग्राम विकास निर्माण गर्ने तरिका:</u>

(१) देहायका कुनै तरिकाबाट औद्योगिक ग्रामको विकास निर्माण गर्न सकिनेछ:-

(क) औद्योगिक ग्रामको पूर्वाधार लगायतका सम्पूर्ण विकास निर्माण तथा सञ्चालन व्यवस्थापनका कार्य स्थानीय तह आफैले गर्न सक्ने ।

(ख) स्थानीय तह र निजी क्षेत्रको संयुक्त विकास गर्न सकिने ।

(ग) निजी क्षेत्रको लगानीकर्ता बाट

(१) निजी क्षेत्रको लगानीकर्ता आफैले जग्गा व्यवस्था गरी विकास निर्माण, सञ्चालन तथा व्यवस्थापन समेत आफै गर्ने गरी औद्योगिक ग्राम स्थापना गर्न चाहेमा नेपाल सरकारले स्थानीय तहको सिफारिसमा सोको मापदण्ड पालना गर्ने गरी निश्चित शर्त र प्रकृया निर्धारण गरी निजी क्षेत्रलाई अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजिक्षेत्रबाट स्थापना हुने औद्योगिक ग्राममा नेपाल सरकारले सार्वजनिक पहुँच मार्ग तथा विद्युत लाईन निर्माणमा पूर्ण वा आंसिक सहयोग गर्न सक्नेछ ।

(२) संयुक्त सहभागिता तरिकाबाट विकास गर्दा निम्न वैकल्पिक तरिका मध्ये स्थानीय तहले उपयुक्त तरिका छनोट गर्न सक्नेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(क) स्थानीय तहले उपलव्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर,

(ख) स्थानीय तह र निजीक्षेत्र दुवैबाट विकासमा संयुक्त लगानी गरेर,

(ग) लागत सहभागिताको अनुपातमा प्रतिफल वितरणको व्यवस्था गरेर,

(घ) अन्य उपयुक्त तरीका अवलम्बन गरेर ।

(३) स्थानीय तहले निजी क्षेत्रको संयुक्त सहभागितामा औद्योगिक ग्राम विकास गर्ने तरिका छनोट गर्दा देहायका विषयवस्तुको बिवरण खुलाउनु पर्नेछः-

(क) औद्योगिक ग्राम स्थापना गर्ने स्थान तथा क्षेत्रफल सहितको जग्गाको नाप नक्सा,

(ख) स्थानीय तह र निजीक्षेत्रको संयुक्त सहभागिताको तरिका,

(ग) औद्योगिक ग्रामको विकासका लागि स्थानीय तह र निजीक्षेत्रले गर्ने लगानीको अनुमानित रकम र लगानीको अंशदर

(घ) स्थानीय तह र निजीक्षेत्रबिच औद्योगिक ग्रामसंचालन तथा व्यवस्थापनबाट हुने आयको बांडफांडको दर

(ङ.) औद्योगिक ग्राममा संचालन हुन सक्ने उद्योगको प्रकृति र अनुमानित उद्योगको संख्या,

(च) औद्योगिक ग्रामको संचालन तथा व्यवस्थापन गर्ने तरिका,

(छ) अन्य आवश्यक विवरण ।

(४) उपदफा (३) बमोजिम बिवरण तथा आवश्यक कागजातको अध्ययनबाट स्थानीय तहले संयुक्त सहभागितामा विकास गर्न उपयुक्त देखेमा सोहि अनुसारको निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको जानकारी मन्त्रलाय र सम्बन्धित प्रदेश मन्त्रलायमा समेत पठाउनु पर्नेछ ।

(६) स्थानीय तह र निजी क्षेत्रको संयुक्त सहभागितामा औद्योगिक ग्राम सञ्चालन तथा विकास गर्ने सम्बन्धमा छुट्टै कार्यविधि बनाई लागू गरिने छ ।

(७) **विशेष बस्तु उत्पादन सम्बन्धी औद्योगिक ग्राम:**

(१) स्थानीय तहले आफैले वा नीजि क्षेत्रसँग सहकार्य गरी तुलनात्मक लाभको आधारमा कुनै एकै किसिमको विशेष बस्तु मात्र उत्पादन हुने औद्योगिक ग्राम तथा हस्तकला ग्राम स्थापना गरी यस कार्यविधिको प्रावधान अनुरुप सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

(२) निजी क्षेत्रले आफ्नै लगानी र स्वामित्वमा विशेष बस्तु उत्पादन सम्बन्धी औद्योगिक ग्राम स्थापना गर्न चाहेमा यस कार्यविधिको प्रावधान अनुरुप

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

स्थापना गरी सञ्चालन र व्यवस्थापन गर्न स्थानीय तहको सिफारिशमा नेपाल सरकारले स्वीकृति दिन सक्नेछ ।

(८) महिला उद्यमी विशेष औद्योगिक ग्रामः

(१) महिला उद्यमीलाई उद्योग तर्फ आकर्षित र प्रोत्साहन गर्न महिला उद्यमीले मात्र उद्योग स्थापना गर्न पाउने गरी नेपाल सरकारले यस कार्यविधिको प्रावधान अनुरुप महिला उद्यमी विशेष औद्योगिक ग्राम घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको औद्योगिक ग्राम स्थानीय तहले आफैले वा नीजि क्षेत्रका महिला उद्यमीसँग सहकार्य गरी यस कार्यविधिको प्रावधान अनुरुप सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

१४. <u>औद्योगिक ग्रामको सञ्चालन तथा व्यवस्थापनः</u>

औद्योगिक ग्रामको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछः-

(१) नेपाल सरकारले जग्गा उपलब्ध गराई औद्योगिक ग्राम घोषणा तथा विकास गरी स्थानीय तहलाई व्यवस्थापन गर्न जिम्मेबारी दिन सक्नेछ ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रमा रहेको वा खरिद गरी प्राप्त गरेको जग्गालाई आफैले औद्योगिक ग्रामको रूपमा विकास गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(३) निजी क्षेत्रको सहभागितामा औद्योगिक ग्राम विकास गरी सार्वजनिक/निजी साझेदारीमा सञ्चालन र व्यवस्थापन गर्न सकिनेछ ।

(४) औद्योगिक ग्रामको सञ्चालन व्यवस्थापनको जिम्मा निश्चित शर्त र प्रकृया निर्धारण गरी स्थानीय तहले सम्पूर्ण जिम्मा निजी क्षेत्रलाई दिन सक्नेछ।

१५. <u>औद्योगिक ग्रामको विकास निर्माणका लागि संस्थागत व्यवस्थाः</u>

(१) औद्योगिक ग्राम स्थापना गरी पूर्वाधार विकास लगायतका निर्माण कार्य गर्न संस्थागत संरचना स्वरुप स्थानीय तह अन्तर्गत रहने गरी आयोजना कार्यान्वयन ईकाइ गठन गरिनेछ ।

१६. <u>औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगको प्राथमिकताः</u>

(१) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम उद्योगको वर्गीकरणमा परेको लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योग मात्र औद्योगिक ग्राममा स्थापना तथा सञ्चालन गर्न पाइनेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

तर औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने उपदफा (१) बमोजिमका उद्योग औद्योगिक ग्रामभित्र स्थापना तथा सञ्चालन गर्न पाइने छैन ।

(२) औद्योगिक ग्रामभित्र उद्योग स्थापनाका लागि सामान्यतया देहायका आधारमा प्राथमिकता दिइनेछः

(क) स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थ, अर्धप्रशोधित कच्चा पदार्थ वा खेर गएको वस्तु प्रयोग गरी वा प्रशोधन गरी उत्पादन गर्ने उत्पादनमूलक उद्योग,

(ख) कृषि तथा वन पैदावरमा आधारित उद्योग,

(१) डेरी

(२) मह प्रशोधन

(३) चिया, कफी प्रशोधन

(४) फलफूल प्रशोधन

(५) जडीबुटीमा प्रशोधन

(६) काठ तथा बेतबाँसजन्य फर्निचर उद्योग

(७) प्राकृतिक रेशा उत्पादन वा प्राकृतिक रेशामा आधारित उद्योग

(ग) स्थानीय स्तरको मागमा आधारित साना तथा घरेलु उद्योग,

(घ) खानी तथा खनिजमा आधारित उद्योग जस्तैः धातु वा खनिज प्रशोधन गर्ने उद्योग,

(ङ) ऊर्जामूलक उद्योग जस्तैः सौर्य ऊर्जा, नवीकरणीय ऊर्जा उत्पादन गर्न मेसिन उपकरण निर्माण सँग सम्बन्धित उद्योग, बायोग्यास प्लान्ट आदि,

(च) सेवामूलक उद्योगजस्तैः छापाखाना, यान्त्रिक कार्यशाला, पानी प्रशोधन, प्राविधिक प्रशिक्षण, सीप विकास, सफ्टवेयर विकास आदि,

(छ) प्रतिस्पर्धात्मक क्षमता भएका अन्य उद्योग,

(ज) स्थानीय तहले उपयुक्त ठानेका अन्य उद्योग

(३) उपदफा (२) मा उल्लेख भएका उद्योग संचालन गर्नका लागि महिला उद्यमी वा तीस वर्ष वा सोभन्दा कम उमेरका युवा उद्यमीले निवेदन दिएमा त्यस्ता उद्यमीलाई पहिलो प्राथमिकता दिईनेछ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि सम्वन्धित स्थानीय तहले चाहेमा एकै प्रकृतिका उद्योगहरु मात्र स्थापना गर्न पाउने गरी विशेष वस्तु उत्पादन क्षेत्रस्थापना तथासंचालन गर्न, गराउन सक्नेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(५) स्थानीय तहले उद्योगको प्रकृति अनुसार समान प्रकृतिका उद्योगलाई औद्योगिक ग्रामभित्रको एकै क्षेत्रमा संचालन हुने गरी जग्गा तथा संरचना छुट्याउन सक्नेछ।

## परिच्छेद- ५
## उद्योगलाई उपलब्ध गराइने सेवा तथा सुविधा सम्बन्धी व्यवस्था

१७. कर्जा लिन सक्ने: उद्योगले आफ्नो स्वामित्वमा रहेको मेशीनरी तथा अन्य जायजेथा बैंक तथा वित्तीय संस्थामा धितोबन्धक राखी कर्जा लिन सक्नेछ ।

तर भवन तथा जग्गा भने धितोबन्धकमा राख्न पाइने छैन ।

१८. जग्गा भाडादरमा छुट:

(१) औद्योगिक ग्राममा संचालन हुने उद्योगलाई प्रचलित कानूनको अधिनमा रही सम्बन्धित स्थानीय तहले देहाय बमोजिमको छुट दिन सक्नेछ:-

(क) लघु उद्यमहरुलाई तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि पचास प्रतिशतसम्म छुट दिन सकिने ।

(ख) कम्तिमा पचास प्रतिशत महिला उद्यमी वा तीस वर्ष वा सोभन्दा कम उमेरको उद्यमीको लगानी रहने गरी औद्योगिक ग्राममा स्थापना तथा संचालन हुने उद्योगलाई तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि पैतीस प्रतिशतसम्म छुट दिन सकिने ।

(ग) स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि तीस प्रतिशत छुट दिन सकिने ।

(घ) सीप विकास, आई.टी., सफ्टवेयर विकास, सृजनशीलता विकास सम्बन्धी उद्योगलाई तोकिएको भाडादरमा पहिलो दश वर्षका लागि बीस प्रतिशतसम्म छुट दिन सकिने ।

(२) स्थानीयतहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक ग्राम भित्र स्थापना हुने विशेष प्रकृतिका उद्योगलाई प्रोत्साहन गर्न जग्गाभाडादरमा कुनै निश्चित समय तोकी आंशिक वा पूर्ण रुपमा छुटदिन सक्नेछ

१९. उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत:

(१) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून तथा अन्य प्रचलित कानूनले प्रदान गरेका आयकर, मूल्य अभिबृध्दि कर र भन्सार सम्बन्धी छुट, सुविधा वा सहुलियत, लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत तथा महिला उद्यमीका लागि थप सुविधा प्रदान गर्न नेपाल सरकारले गर्ने विशेष व्यवस्था औद्योगिक

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

ग्राममा स्थापना हुने उद्योगले समेत प्राप्त गर्न सक्ने गरी सिफारिस गर्न सक्नेछ । तर सोही किसिमको दोहोरो सुविधा भने पाउने छैनन् ।

(२) स्थानीय तहले प्रचलित कानून बमोजिम आफ्नो क्षेत्राधिकार भित्र पर्ने करका सम्बन्धमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक ग्रामभित्र संचालन हुनेविशेष प्रकृतिका उद्योगलाई आवश्यक छुट दिन सक्नेछ।

२०. गोदामघरको सुविधा:

कार्यालयले उद्योगको प्रकृतिका आधारमा उद्योगलाई आवश्यक पर्ने गोदाम घरको सुविधा उपलब्ध गराउन सक्नेछ ।

२१. करार गरी उत्पादन गर्न सक्ने:

ग्राममा स्थापना भएको कुनै उद्योगले प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानसँग आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सव—कन्ट्र्याक्ट) गरी वस्तुको उत्पादन वा सेवा प्रवाह गर्न सक्नेछन् ।

## परिच्छेद- ६

## विविध

२२. वातावरण सम्बन्धी व्यवस्था:

(१) औद्योगिक ग्राम स्थापना तथा विकास गर्न वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिम गर्नु पर्ने प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरेपछि मात्र औद्योगिक ग्राम स्थापना तथा विकासको कार्य प्रारम्भ गर्नुपर्नेछ ।

(२) औद्योगिक ग्राम स्थापना तथा विकास गर्न गरिएको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनले उद्योग स्थापना, संचालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पूर्व प्रचलित कानुन बमोजिम गर्नुपर्ने प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनलाई सिमित गरेको मानिने छैन ।

(३) औद्योगिक ग्राममा स्थापना हुने उद्योगले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिमका दायित्व पालना गर्नु पर्नेछ ।

२३. भाडामा लिएको जग्गा प्रयोग गर्नुपर्ने:

(१) उद्योग संचालनका लागि सम्झौता भएको दुई वर्षभित्र भाडामा लिएको जग्गा पूर्णतः प्रयोगमा आएको नदेखिएमा प्रयोगमा नआएको जति जग्गा कार्यालयले पुनः अर्को औद्योगिक प्रयोजनार्थ उपयोगमा ल्याउन सक्नेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

(२) औद्योगिक ग्राम भित्रका प्लटलाई उद्यमीले जुन उद्योग स्थापना गर्न भाडामा लिएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्न सक्नेछ ।

(३) औद्योगिक ग्राम भित्रका प्लटलाई उद्यमीले खण्डिकृत गर्न वा अर्को उद्योग राख्न वा अरु कसैलाई उद्योग सञ्चालन गर्न दिन सकिने छैन ।यस प्रावधान विपरित देखिएमा स्थानीय तहले उक्त उद्योगलाई औद्योगिक ग्राम भित्रबाट हटाउन सक्नेछ ।

२४. पुनः भाडामा दिन नहुने:

(१) सम्झौता अनुसार जग्गा भवन भाडामा लिएकोमा त्यस्तो उद्योगीले आफूले भाडामा लिएको जग्गा अन्य कसैलाई पुनः भाडामा दिन सक्ने छैन ।

(२) पुनः भाडामा दिएको पाइएमा उद्योगलाई गल्ती सुधार गर्न सात दिनको समय दिइनेछ । सो समयभित्र पनि सुधार नगरेमा सम्झौता रद्द गरी कार्यालयले औद्योगिक ग्रामबाट त्यस्तो उद्योगलाई हटाउनेछ ।

२५. गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था:

(१) गुनासो व्यवस्थापनका लागि स्थानीय तहले गुनासो सुन्ने अधिकारी तोकी त्यसको सूचना वा जानकारी सरोकारवालालाई दिने व्यवस्था गर्नुपर्नेछ।

(२) आयोजना कार्यान्वयन ईकाइ कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो लिखित रुपमा राख्न सक्ने गरी सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम राखिएको पेटिकामा जोसुकैले गुनासो राख्न सक्नेछ । गुनासो प्रस्तुतकर्ताले चाहेमा यस दफा बमोजिमको गुनासो सोझै स्थानीय तहको कार्यालयमा पेश गर्न सक्ने व्यवस्था पनि गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम कुनै गुनासो प्राप्त हुन आएमा सम्बन्धित स्थानीय तहले दश दिन भित्र आवश्यक कारबाही गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम गरिएको कारबाहीको जानकारी सम्बन्धित गुनासो प्रस्तुतकर्तालाई दिनुपर्ने छ ।

२६. विद्युतीय माध्यमको प्रयोग:

(१) औद्योगिक ग्रामको व्यवस्थापन प्रकृयालाई सरल र पारदर्शी गराउन क्रमिक रूपमा प्रशासनिक प्रणालीलाई अटोमेसन र अनलाइन पद्धति मार्फत विकास गरिनेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

(२) कार्यालयबाट जारी हुने कागजातहरु प्रमाणीकरण गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र त्यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ ।

(३) औद्योगिक ग्रामको कार्यलयबाट विद्युतीय स्वरुपमा पेश गरेका सबै प्रकारका कागजात सुरक्षित रुपमा कम्प्युटर प्रणालीमा राख्ने दायित्व कार्यलयको हुनेछ ।

(४) क्रमिक रूपमा विद्युतीय सेवा लाई प्रयोगमा ल्याइनेछ ।

(५) औद्योगिक ग्रामको तथ्याङ्कको लागि कम्प्युटर प्रणाली अपनाइनेछ ।

(६) औद्योगिक ग्रामको लागि तालिमप्राप्त सुचना प्रबिधि सम्बन्धी कर्मचारी, आवश्यक मात्रामा हार्डवेयर र सफ्टवेयरको व्यबस्था गरिनेछ ।

(७) औद्योगिक ग्राम भित्र स्थापित लघु, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजारीकरणका लागि क्रमिक रूपमा उपयुक्त सूचना प्रविधि (को प्रयोग गरिनेछ ।

२७. अनुगमन तथा सहजीकरण:

(१) औद्योगिक ग्राम स्थापना तथा विकासका लागि सम्पादन हुने काम कारबाही र कार्यन्वयनलाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा योजना तथा कार्यक्रम अधिकृत, प्राविधिक अधिकृत तथा शाखा प्रमुख रहेको अनुगमन तथा सहजीकरण समिति गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले कार्यान्वयन लगायत सम्पूर्ण चरणमा अनुगमन गर्ने छ । अनुगमन गर्ने क्रममा देखापरेका समस्या र चुनौतीलाई समाधान गर्न आवश्यक कार्यवाहि गर्ने छ।

(३) औद्योगिक ग्राम स्थापना तथा विकास निर्माणको विभिन्न चरणमा मन्त्रालय तथा प्रदेश मन्त्रालयले आवश्यकतानुसार अनुगमन तथा सहजीकरण गर्न सक्नेछ ।

२८. यसै कार्यविधि अनुसार हुने:

यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्थाहरु यसै कार्यविधि अनुसार हुनेछ । यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्थाहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनमा उल्लेख भएका ब्यवस्था नै लागू हुनेछ ।

२९. व्याख्या गर्ने अधिकार:

यस कार्यविधिको कार्यन्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयलाई त्यस्तो द्विविधा परेको विषयको वाधा अडकाउ फुकाउने र कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको व्याख्या गर्ने अधिकार हुनेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

दफा ८ को उपदफा ३ संग सम्बन्धित

## अनुसूची -१

औद्योगिक ग्रामको पूर्व सम्भाव्यता अध्ययनको लागि परिक्षण सूची (Check List)

| सि,नं | परीक्षणको शिर्षक | परीक्षणको विवरण |
|---|---|---|
| १ | जग्गाको अवस्थिती:<br>• प्रदेशको नाम<br>• जिल्ला<br>• महा/उपमहा/नगरपालिका, गाउँपालिका<br>• वडा नं.<br>• स्थानको नाम<br>• नजिकको बस्तीको नाम | |
| २ | चारकिल्ला:<br>• पूर्व<br>• पश्चिम<br>• उत्तर<br>• दक्षिण | |
| ३ | जमिनको क्षेत्रफल:<br>• वर्गफुट/मिटर, रोपनी, बिगाहा<br>• सार्वजनिक जग्गा/व्यक्तिगत वा अन्य | |
| ४ | जमिनको बनोट:<br>• समथर वा भिरालो वा अन्य<br>• पहिरो जाने सम्भावना भए, नभएको | |
| ५ | हाल जमिनको प्रयोग के मा भएको छ:<br>• सिंचाई सुबिधा उपलब्ध छ, छैन<br>• घनावस्ती, जंगल छ, छैन | |
| ७ | जमिनमा कुनै विवाद भए, नभएको: | |
| ८ | नजिकको मूख्य खोला वा नदीको नाम र दुरी: | |
| ९ | पहुँच मार्ग: | |

| | | |
|---|---|---|
| | • सबभन्दा नजिकको राजमार्ग<br>• राजमार्ग सम्मको दूरी<br>• राजमार्ग जोड्ने सडकछ,छैन<br>• राजमार्ग जोड्ने सडकको संभावना | |
| १० | खानेपानी उपलव्ध छ, छैनः<br>• खानेपानीको सम्भाव्य स्रोत वा मुहान | |
| ११ | विद्युत प्रसारण लाइनः<br>• छ, छैन<br>• छैन भने नजिकको विद्युत स्टेसन र दूरी<br>• क्षमता (kVA) | |
| १२ | नजिकमा रहेका उद्योगहरुः | |
| १३ | नजिकको बजार वा व्यापारिक केन्द्रको नाम र दूरीः | |
| १४ | दूर संचार सेवा उपलव्ध छ, छैनः<br>• उपलव्ध नभएमा नजिकको स्टेसन र दूरी | |
| १५ | फोहोर तथा औद्योगिक फोहोर व्यवस्थापनको लागि सम्भाव्य क्षेत्रः | |
| १६ | प्रदुषित पानी व्यवस्थापनको लागि सम्भाव्य क्षेत्र : | |
| १७ | ढल निकासको व्यबस्था छ, छैन : | |
| १८ | अन्तर्राष्ट्रिय सीमा सम्मको दूरीः | |
| १९ | औद्योगिक ग्रामबाट पर्नसक्ने वातावरणीय असरको आंकलनः | |
| २० | औद्योगिक ग्राम बिस्तारको सम्भावना छ, छैनः | |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकार, सिंहदरबार, काठमाडौं